अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्या : १६ मिति : २०८०।०३।३१

**भाग-१**

**अन्नपूर्ण गाउँपालिका**

अन्नपूर्ण गाउँपालिकाको आर्थिक कार्यविधि (पहिलो संशोधन) ऐन, २०८०

## अन्नपूर्ण गाउँपालिकाको आर्थिक कार्यविधि (पहिलो संशोधन) ऐन, २०८०

प्रस्तावनाः

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम अन्नपूर्ण गाउँपालिकाको सञ्चित कोषको सञ्चालन गर्न, बजेट तथा कार्यक्रम तर्जुमा गर्न, निकासा तथा खर्च गर्न, लेखा राख्न, आर्थिक तथा वित्तीय प्रतिवेदन गर्न, आर्थिक कारोवारको आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउन, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्न, बेरुजु फछ्र्यौट तथाअसुल उपर गर्न गराउन, आर्थिक कार्यविधिलाई नियमित, व्यवस्थित र जवाफदेही बनाउन अन्नपूर्ण गाउँपालिकाको आर्थिक कार्यविधि ऐन, २०७५ संशोधन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२२ बमोजिम गठित अन्नपूर्ण गाउँसभाको १७ औ अधिवेशनले यो ऐन बनाएको छ ।

गाउँसभाबाट स्वीकृत मिति : २०८०।०३।११

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "अन्नपूर्ण गाउँपालिकाको आर्थिक कार्यविधि (पहिलो संशोधन) ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन गाउँ सभाबाट पारित भएको मिति देखि लागू हुनेछ ।

**२. अन्नपूर्ण गाउँपालिकाको आर्थिक कार्यविधि ऐन, २०७५ को दफा ३१ मा संशोधन** :अन्नपूर्ण गाउँपालिकाको आर्थिक कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३१ मा भएको "आन्तरिक स्रोत बापत असुल हुने राजश्व गाउँपालिकाको सञ्चीत कोषमा दाखिला गरी सम्बन्धित वडालाई ७० प्रतिशत र बाँकी ३० प्रतिशत आम्दानी गाउँपालिकालाई छुट्याई उक्त रकम वडाबाट प्राप्त योजना अनुसार प्रकृया पुऱ्याई भुक्तानीको व्यवस्था अवलम्बन गर्ने" भन्ने व्यवस्थाको सट्टा "आय ठेक्का गरी प्राप्त हुने राजश्व वापतको रकम गाउँपालिका स्तरीय आयोजनाहरुमा ६७ प्रतिशत र सम्बन्धित वडाका आयोजनाहरुमा ३३ प्रतिशत रहने व्यवस्था गर्ने ।" भन्ने वाक्यांश कायम गर्ने ।

प्रमाणिकरण मिति : २०८०।०३।१५

राजपत्रमा प्रकाशित मिति : २०८०।०३।३१

आज्ञाले,

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत